खण्ड १० भागेश्वर, आषाढ २४ गते, २०८३ साल (संख्या १)

# भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

## भाग-१

### भागेश्वर गाउँपालिकाको आर्थिक ऐन, २०८३

**राजपत्रमा प्रकाशित मिति : २०८३।०३।२४**

**प्रस्तावना** : भागेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम भागेश्वर गाउँसभाको १९ औं अधिवेशनले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "भागेश्वर गाउँपालिकाको आर्थिक ऐन, २०८३ " रहेको छ।

२) यो ऐन २०८३ साल श्रावण १ गते देखि भागेश्वर गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

**२ सम्पत्ति करः**

गाउँपालिका क्षेत्र भित्र गाउँकार्यपालिकाबाट कार्यविधि स्वीकृत गरि अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने छ ।

**३ भूमिकर (मालपोत)**: दफा २ बमोजिम सम्पत्ति कर लागु नहुञ्जेलसम्म गाउँपालिका क्षेत्र भित्र अनुसुचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइनेछ ।

**४ घर वहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने रअसूल गरिनेछ।

**५ व्यवसाय कर**: गाउँपालिका क्षेत्र भित्र इजाजत लिइ संचालन भएका व्यापार व्यवसायी उद्योगबाट वार्षिक रुपमा व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी रआर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ।

**६ पटके सवारी कर तथा पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ।

**७ जडिबुटी, कवाडी कर र जीवजन्तु कर** : गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल, र प्रचलित कानुनले निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृतक वा मारिएका जीवजन्तुको हाड सिङ प्वाख छाला जस्ता वस्तुको व्यवसायिक कारोवार तथा व्यवसायीक प्रयोजनका लागि चौपाया निकासीको कारोबार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**८ विज्ञापन कर**_ गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिमको विज्ञापन कर लगाइने र असुल उपर गरिने छ

**९ सेवा शुल्क, सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन व्यवस्थापन गरेका अनुसुचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१० पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुचि (८) मा उल्लेखित पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ।

**११ प्राकृतिक स्रोत कर**ः

(१) गाउँपालिका क्षेत्र भित्रको माटो, गिट्टी, बालुवा र दहत्तरबहत्तर को संकलनमा अनुसूची (९) बमोजिम कर लगाई असूल गरिने छ।

(२) उपदफा (१) बमोजिम उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम भागेश्वर गाउँपालिकाको सञ्चितकोषमा जम्मा गरी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सो को विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने छ।

**१२ कर छुट** :

(१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए ता पनि गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाईएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र करको दर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना राजपत्रमा प्रकाशन गर्नु पर्ने छ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए ता पनि यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरु लाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

(३) उपदफा (१) बमोजिमको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर शुल्क र करआंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण गाउँ सभा मा पेश गर्नु पर्ने छ।

**१३ कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** :_यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**१४ प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने**ः

१ यस ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तिको कारणले उल्लेखित ऐनले प्रदान गरेको कुनै सेवा

सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार अवधी थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ र यो ऐन कार्यान्वयनको चरणमा सघीय कानुन र प्रदेश कानुन संग बाझिएको हकमा बाझिए जति स्वत निश्कृय हुने छ ।

२ यो ऐनको कुनै दफा वा उपदफा संशोधन गर्नु परेमा गाउँसभाको तत्काल कायम रहेको सदस्य सख्याको दुइ तिहाइ बहुमतले गर्न सक्ने छ ।

**१५ निर्देशिका बनाउन सक्नेः** यो ऐनको अधिनमा रहि गाउँकार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

## अनुसूचि—१
## सम्पती कर

| क्र.सं. | करको विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ती कर | विस्तृत अध्ययन तथा कार्यविधि तयार भए पश्चात लागु हुने | |

| घर कर बार्षिक | रु. |
|---|---|
| भुई तले कच्ची फुसको घरको | नलाग्ने |
| RCC छाना भएको | ७० |
| स्लेट तथा जस्तापाताले छाएको | ५० |
| खरले छाएको एक तला भन्दा माथिको | २५ |

## अनुसूचि—२
## मालपोत तथा भूमी कर

मालपोत तथा भूमिकर अन्तर्गत सम्पत्तिकर लागेको जग्गामा बाहेक अन्य जग्गामा तपशिल अनुसार मालपोत कर लाग्ने छ ।

| क्र.सं. | जग्गाको प्रकार | जग्गाको किसिम | प्रति रोपनी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खेत | अब्बल प्रति रोपनी | १५ | |
| | | दोयम प्रति रोपनी | १३ | |
| | | सीम प्रति रोपनी | ११ | |
| | | चाहार प्रति रोपनी | ९ | |
| २ | पाखो | अब्बल प्रति रोपनी | ११ | |
| | | दोयम प्रति रोपनी | ९ | |
| | | सीम प्रति रोपनी | ७ | |
| | | चाहार प्रति रोपनी | ६ | |
| | | पाँचौ प्रति रोपनी | ५ | |
| मालपोत तथा भूमिकर असुल उपर गर्दा देहाय बमोजिमको छुट तथा जरिवाना लिई असुल उपर गरिने छ। | | | | |
| १ | चालु आवको माघ मसान्तसम्म मालपोत तथा भूमिकर तिरेमा चालु आवको लाग्ने मालपोत तथा भूमिकरमा ५ प्रतिशत छुट दिईने छ। | | | |
| २ | चालु आव को जेष्ठ मसान्तसम्म मालपोत तथा भूमिकर तिंरेमा चालु आवको लाग्ने मालपोत तथा भूमिकरमा कुनै किसिमको छुट नहुने । | | | |
| ३ | चालुआवको अषाढ मसान्तसम्म मालपोत तथा भूमिकर तिरेमा चालु आवको लाग्ने मालपोत तथा भूमिकरमा ५ प्रतिशत थप जरिवाना लिई मालपोत असुल उपर गर्ने। | | | |
| ४ | हरेक आ ब को मालपोत सालवलासी रुपमा आ व नसकिदै बुझाउनु पर्ने छ । आ व भित्र नवुझाएमा निम्न बमोजिम जरिवाना लाग्ने छ । | | | |
| क | पहिलो बर्ष | १५ प्रतिशत रकम जोडिने छ | | |
| ख | दोस्रो बर्ष | ३० प्रतिशत रकम जोडिने छ | | |
| ग | तेस्रो बर्ष र सो भन्दामाथी | प्रत्येक बर्ष १५ प्रतिशतका दरले हुन आउने रकम जोडिने छ। | | |

## अनुसूची - ३
## वहाल कर

| क्र.सं. | विवरण | दस्तुरदर | कैफियत |
|---|---|---|---|
| १ | घर वहाल कर | घर भाडामा दिदाको सम्झौता रकमको १० प्रतिशतले हुन आउने रकम | |
| २ | जग्गा वहाल कर | जग्गा सम्झौता रकमको १० प्रतिशतले हुन आउने रकम | |

## अनुसूची - ४
## व्यवसाय करको दर

| क्रसं | व्यावसायको किसिम | नयाँ दर्ता | वार्षिक कर |
|---|---|---|---|
| १ | किराना पसल | १०००।०० | ५००।०० |
| २ | सुन चाँदी पसल | २०००।०० | १०००।०० |
| ३ | औषधी पसल | १०००।०० | ५००।०० |
| ४ | माछा मासु विक्री पसल | ५००।०० | २५०।०० |
| ५ | आयुर्वेदिक औषधी पसल | १०००।०० | ५००।०० |
| ६ | एग्रो भेट पसल | १०००।०० | ५००।०० |
| ७ | स्टेशनरी तथा खेलकुद सामग्री एवं पुस्तक पसल | १०००।०० | ५००।०० |
| ८ | मोटरसाईकल मर्मत | २०००।०० | १०००।०० |
| ९ | प्लाई पसल | १०००।०० | ५००।०० |
| १० | कपडा ।फैन्सी। व्याग पसल | १०००।०० | ३५०।०० |
| ११ | धागो टाँक पसल | ५००।०० | ३५०।०० |
| १२ | इलेक्ट्रोनिक,मोबाईल,घडी क्यालकुलेटर अडियो भिडियो पसल | १०००।०० | ५००।०० |
| १३ | हार्डवेयर,मेसिनरी स्यानिटरी मार्बल पसल | १०००।०० | ५००।०० |
| १४ | ग्यास सिलिन्डर पेट्रोलियम पदार्थ बिक्री गर्ने | १०००।०० | ५००।०० |
| १५ | फर्निचर व्यवसाय | २०००।०० | १०००।०० |
| १६ | कपडा सिलाई कटाई पसल टेलरिङ | ५००।०० | २००।०० |
| १७ | पशु आहार विक्री केन्द्र | १०००।०० | ५००।०० |
| १८ | किराना पसल | १०००।०० | ५००।०० |
| १९ | फलफुल तथा तरकारी पसल | १०००।०० | ५००।०० |
| २० | उपहार, गिफ्ट तथा खेलौना पसल | १०००।०० | ५००।०० |
| २१ | भाडापसन (स्टिल, प्लाष्टिक,आल्मुनीयम सबै थरी) | १०००।०० | ५००।०० |
| २२ | माटाकोभाँडा पसल | | निःशुल्क |
| २३ | मसला उद्योग | ५००।०० | २५०।०० |
| २४ | होटल ब्यवासाय | १०००।०० | ५००।०० |
| २५ | चुरोट विडी,सुर्तिजन्य | १००० | ५००।०० |
| २६ | विशेषज्ञ,परामर्श तथा अन्य व्यवसायी सेवा | | |

| | | | |
|---|---|---|---|
| क | चिकित्सक | २०००।०० | १०००।०० |
| ख | कन्सल्टेन्टसेवा (इन्जिनियरिङ्ग) | २०००।०० | १०००।०० |
| ग | कानून व्यवसायी ल फर्म | १०००।०० | ५००।०० |
| घ | लेखापरीक्षण व्यवसायी | १०००।०० | १०००।०० |
| ङ | अनुसन्धान कर्ता परामर्शदाता | १०००।०० | १०००।०० |
| च | पशु चिकित्सक डाक्टर | १०००।०० | १०००।०० |
| छ | बैदेशिक रोजगार सेवा | १०००।०० | ५००।०० |
| ज | पेन्टर साइन बोर्ड लेख्ने | १०००।०० | ५००।०० |
| झ | गैर काष्ठ व्यवसाय | १०००।०० | ५००।०० |
| ञ | जग्गा व्यवसायी | ३०००।०० | २०००।०० |
| २७ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | १०००।०० | ५००।०० |
| २८ | पोल्ट्रीफार्म | १०००।०० | ५००।०० |
| २९ | अगरबत्ती उद्योग | ५००।०० | ३००।०० |
| ३० | कपडा काटी सिरक डसना बनाउने पसल | ४००।०० | २००।०० |
| ३१ | खानेपानी उपभोक्ता समिति | १०००।०० | ५००।०० |
| ३२ | निजी विद्यालयको अनुमती | ५०००।०० | |
| ३३ | फोटो स्टुडियो | ५००।०० | २००।०० |
| ३४ | खसी, बोका, कुखुरा, बुंगुर, माछा, मासुबिक्रीपसल | ५००।०० | ३००।०० |
| ३५ | कृषि तथा अन्य बनवीउ नर्सरी उत्पादन व्यवसाय | १०००।०० | ५००।०० |
| ३६ | माछा व्यवसाय | १०००।०० | ५००।०० |
| ३७ | पशुपालन व्यवसाय (गाई, भैसी, बाख्राआदि) | १०००।०० | ५००।०० |
| ३८ | ग्रिल, रेलिङ्ग तथा वेल्डिङ्ग व्यवसाय | २०००।०० | १५००।०० |
| ३९ | सटरिङ्ग व्यवसाय | २०००।०० | १०००।०० |
| ४० | फर्निचर पसल | २०००।०० | १५००।०० |
| ४१ | फलफुल तथा तरकारी पसल | ५००।०० | ३००।०० |
| ४२ | हार्डवेयर पसल | २०००।०० | १५००।०० |
| ४३ | यसमा नखुलेको अन्य व्यवसाय नविकरण मात्र | १०००।०० | ५००।०० |
| ४४ | मेलाकर | पसलको अवस्था हेरी रु १०० देखि ५०० सम्म प्रति दिन प्रति मेला | |
| ४५ | बहुउद्देशीय ब्यबसाय तथा फर्म दर्ता | फर्म दर्ता गर्दा लागेको दर्ता शुल्कको ५० प्रतिशत थप दस्तुर लाग्नेछ। | |
| सम्पुर्ण कर तथा सेवा शुल्कमा जरिवाना गर्दा देहाय बमोजिम असुल उपर गरिनेछ। | | | |
| | पहिलो बर्ष | ५ प्रतिशत रकम जोडिनेछ | |
| | दोस्रो बर्ष | १० प्रतिशत रकम जोडिनेछ | |
| | तेस्रो बर्ष देखी माथी | प्रत्येकबर्ष १० प्रतिशतले हुन आउने रकम जोडने | |

१. घरेलु तथा साना उद्योग कार्यालय आन्तरिक राजश्व कार्यालय कम्पनी रजिष्टारको कार्यालय लगायत दर्ताका लागि तोकिएका अन्य सस्था वा कार्यालयमा दर्ता भएका ब्यवसायीहरुले गाउँपालिकामा अनिवार्य

रुपमा ब्यवसाय दर्ता गरि ब्यवसाय दर्ता प्रमाणपत्र लिएर मात्र भागेश्वर गाउँपालिका भित्र ब्यवयाय गर्न पाउनेछन ।

२. अन्यत्र दर्ता नभएका साना ब्यवसायीहरुले गाउँपालिकामा ब्यवसाय दर्ता गरि ब्यवसाय सचालन गर्न पाउने छन ।

३. ब्यवसाय कर आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना सम्म बुझाइ सक्नु पर्ने छ र सो अविधमा नबुझाएमा १० प्रतिशत जरिवाना लिइ अषाढ १५ गते भित्र बुझाउनु पर्ने छ ।

## अनुसूची — ५

## जडीवुटी कवाडी जिवजन्तु निकासी कर

| क्रसं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | तेजपात दालचिनी प्रति केजी | २ | |
| २ | रिठा प्रति केजी | २ | |
| ३ | काउलो प्रति केजी | ३ | |
| ४ | खोटो प्रति केजी | ३ | |
| ५ | झ्याउ,च्याउ प्रति केजी | ४ | |
| ६ | अमला हर्रो प्रति केजी | २ | |
| ७ | सल्लाको आँखला प्रति केजी | १ | |
| ८ | अन्य जडीवुटी र बनस्पती केजी | ३ | |
| ९ | कवाड प्रति केजी | १ | |

## अनुसूची — ६

## विज्ञापन कर

| क्र स | होडिङ बोर्ड | बाल पेन्टिङ | फ्लेक्स | डिजिटल बोर्ड वा ग्लोसाइन वोर्ड | अन्य | |
|---|---|---|---|---|---|---|
| प्रति बर्ग फिट प्रति वर्ष | १२ | ८ | १० | २० | ५ | |

## अनुसूची — ७
## सेवा शुल्क र सिफारिस दस्तुर

| क्रसं | विवरण | शुल्क तथा दस्तुर रु | कैफियत |
|---|---|---|---|
| १ | **नागरिकता सम्वन्धि सिफारिस** | | |
| क | नयाँ नागरिकता सिफारिस | १०० | |
| ख | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| ग | अंगिकृत नागरिकता सिफारिश | ५०० | |
| घ | बैवाहिक अंगिकृत नागिरकता सिफारिश | ५००० | |
| २ | **जग्गा सम्विन्धि सिफारिस** | | |
| क | जग्गामा घर बाटो प्रमाणित | ५०० | |
| ख | चार किल्ला प्रमाणित १० रोपनी सम्म न्युनतम | ५०० | १० रोपनी भन्दा माथि प्रति रोपनी रु १००।०० |
| ग | जग्गाधनी प्रमाण पत्र हराएको सिफारिस | २०० | |
| घ | पुर्जामा घर कायम गर्ने सिफारिस | ३०० | |
| ङ | हकदार प्रमाणित सिफारिस | २५० | |
| च | जग्गाधनी पूर्जामा विवरण संसोधन सिफारिस | २०० | |
| छ | जग्गामा घर तथा बाटो कायम सिफारिस | ४०० | |
| ज | घरायसी राजिनामा लिखित प्रमाणित | ५०० | |
| झ | जग्गा लेनदेनको कागज प्रमाणित | ५०० | लेनदेनको १ प्रतिशत |
| ञ | घर जग्गा नामसारी सिफारिस | ६५० | |
| ट | दान बकस पत्र सिफारिस | ५०० | |
| ठ | अंशबण्डा सिफारिस | १००० | |
| ड | जग्गामा मोही नामसारी।जग्गादर्ता।गुठी।रैकरआदि | ५०० | |
| ढ | कालोपत्रे मोटरबाटो भएको जग्गाको सिफारिस | १००० | |
| ण | अन्य मोटरबाटो प्रमाणित | ५०० | |
| त | ऐलानी जग्गा दर्ता सिफारिस प्रति रोपनी | ५०० | |
| थ | भोगचलन प्रमाणित | ५०० | |
| ३ | **नाता प्रमाणित दस्तुर** | | |
| क | नाता प्रमाणित सार्वजिनक मुचुल्का सहित | ५०० | |
| ख | मृतक तथा जीवित व्यक्तिसंग नाता प्रमाणित (नेपाली) मुचुल्का नभएको | ३०० | |
| ग | मृतक तथा जीवित व्यक्ति संग नाता प्रमाणित (अङ्ग्रेजी) | ५०० | |
| घ | सामाजिक सुरक्षा भत्ता प्रयोजनका लागि बैकलाइ गरिने नाता कायम सिफारिस | २०० | |
| ङ | पेन्सन सम्वन्धि कागजात प्रमाणित तथा सिफारिस | २५० | |

| | | | |
|---|---|---|---|
| ४ | **शिक्षा सम्वन्धित सिफारिस** | | |
| क | पुर्व प्रा वि खोल्ने अनुमति | १००० | |
| ख | कक्षा थप गर्ने सिफारिस | ५०० | |
| ग | विद्यालय ठाउँसारी सिफारिस | ५०० | |
| घ | आधारभूत तहको ग्रेडसिट र प्रमाण पत्रको प्रतिलिपी | २०० | |
| ङ | आधारभूत तहको ग्रेड बृद्धि परिक्षा दस्तुर प्रति विषय | २०० | |
| च | शैक्षिक प्रमाणपत्रमा नाम जन्म मिति सच्याउने सिफारिस | २०० | |
| छ | छात्रवृति सिफारिस | १०० | |
| **५** | **न्यायीक दस्तुर** | | |
| क | मिलापत्र कागज गराउने (मुद्दाको प्रकृति हेरी) | ५०० देखि १०००सम्म | |
| ख | कोर्ट फी मिनाहा सिफारिस | निःशुल्क | |
| ग | मञ्जुरिनामा कागज प्रमाणित | ३०० | |
| ६ | **स्वास्थ्य उपचारको सिफारिस** | **निःशुल्क** | |
| ७ | **अपाङ्गता सिफारिस** | **निःशुल्क** | |
| ८ | **उद्योग ब्यवसाय सम्वन्धि** | | |
| क | उद्योग व्यवसाय ठाउसारी सिफारिस | ५०० | |
| ख | व्यवसाय दर्ता, बन्द, संचालनमा रहेको नरहेको सिफारिस | ५०० | |
| ग | ब्यवसाय नामसारी सिफारिस | १००० | |
| ९ | **संस्था दर्ता नविकरण सिफारिस** | | |
| क | प्रतिष्ठान धार्मिक संस्था, क्लव, संस्था समुह, समिति, सहकारी बहुउद्देशिय सहकारी संस्था. साना किसान सहकारी संस्था बचत तथा ऋण सहकारी संस्था दर्ता सिफारिस | १००० | |
| ख | संस्था नविकरण सिफारिस | ५०० | |
| १० | **योजना सम्पन्न सिफारिस दस्तुर** | | |
| क | १ लाखसम्म | ५०० | |
| ख | १ लाखदेखि ५ लाखसम्म | १००० | |
| ग | ५ लाखदेखि १० लाखसम्म | १५०० | |
| घ | १० लाखदेखि २० लाखसम्म | २००० | |
| ङ | २० लाखदेखि ५० लाखसम्म | ५००० | |
| च | ५० लाखदेखि १ करोड सम्म | १०००० | |
| छ | १ करोडदेखि ५ करोड सम्म | १५००० | |
| ज | ५ करोड भन्दा माथि जतिसुकै | २०००० | |
| झ | योजना म्याद थपको सिफारिस | २०० | |
| ञ | योजना माग सिफारिस | २५० | |

| | | | |
|---|---|---|---|
| ११ | **कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भई व्यावसाय संचालन अनुमति दर्ता दस्तुर** | | |
| क | १ लाखसम्मको अधिकृत पूँजी भएको | ५०० | |
| ख | १ लाखदेखि २५ लाखसम्मको अधिकृत पूँजी भएको | २००० | |
| ग | २५ लाखदेखि ५० लाखसम्मको अधिकृत पूँजीभएको | १०००० | |
| घ | ५० लाख देखि १ करोडसम्मको अधिकृत पूँजीभएको | १५००० | |
| ङ | १ करोड देखि १० करोड सम्मको अधिकृत पूँजी भएको | २०००० | |
| च | १० करोड माथी जति सुकै अधिकृत पूँजी भए पनि | ३०००० | |
| १२ | **गापाको सम्पती बहाल दस्तुर** | | |
| क | सभाहल भाडा प्रति दिन | १००० | |
| ख | प्रोजेक्टर भाडा प्रति दिन | ५०० | |
| ग | वडा न ४ को सभाहल प्रतिदन | १५०० | |
| घ | टोटल स्टेशन प्रति दिन | २००० | |
| ङ | ब्याकहोलोडर प्रति घण्टा तेल सहित | ३२०० | |
| च | ब्याकहोलोडर प्रति घण्टा तेल वाहेक | १४०० | |
| १३ | जिवित रहेको प्रमाणित | १५० | |
| १४ | नावालक सम्बन्धी प्रमाणित | १०० | |
| १५ | जातिय पहिचान र जातिय सिफारिस | १०० | |
| १६ | जन्म,विवाह,मृत्यु प्रमाणित | २०० | |
| १७ | स्थायी वा अस्थायी वसोवास प्रमाणित | २०० | |
| १८ | आन्तरिक वसाई सराई सिफारिस | २०० | |
| १९ | सरक्षक प्रमाणित तथा सिफारिस | २५० | |
| २० | फरक फरक नाम थर जन्म मिति भएको ब्यक्ति एउटै हो भनी गरिने सिफारिस | १५० | |
| २१ | विवाहित तथा अविवाहित सिफारिस | २५० | |
| २२ | आर्थिक अवस्था सम्बन्धी सिफारिस | १०० | |
| २३ | समुहगत ब्यक्तिगत फर्म दर्ताको स्थायी लेखा न सिफारिस | १५० | |
| २४ | सगोल प्रमाणित | २५० | |
| २५ | काउन्लर प्रमाणित प्रति कागजात | कानुनले तोके अनुसार | |
| २६ | विद्युत जडान सिफारिस | ३०० | |
| २७ | धारा जडान सिफारिस | १०० | |
| २८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने र रोहवरमा बस्नु पर्ने कागजात सिफारिस | ५०० | |
| २९ | व्यक्तिगत विवरण प्रमाणित | २०० | |
| ३० | आय श्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसाबले | न्युनतम रु ५०० र वार्षिक हुन आउने मुल्याङ्कन रकमको ०।१ प्रतिशतका दर ले जुन | |

| | | | |
|---|---|---|---|
| | | बढी हुन्छ। आय प्रमाणित अग्रेजिमा आबश्यक भएमा माथि लेखिएको दस्तुरमा थप ४०० लाग्ने छ । | |
| ३१ | चल अचल सम्पत्ति मुल्याङ्कन | न्युनतम प्रति सिफारिस ५०० र कायम हुन आएको मुल्यको प्रति हजार रु १ जुन बढी हुन्छ। | |
| ३२ | जग्गा मुल्याङ्कन सिफारिस प्रमाणित प्रति लाख | ३०० | |
| ३३ | अपुताली सिफारिस | ५०० | |
| ३४ | विपन्न सिफारिस | | |
| ३५ | काउन्सिलिङ भेरिफिकेशन प्रति पाना | १०० | |
| ३६ | छायाङ्कन सिफारिस | १००० | |
| ३७ | अंग्रेजिमा प्रमाणित कागज पत्र प्रति कागज | २०० | |
| ३८ | जन्म मिति संसोधन सिफारिस | | |
| | वालकको लागि | २०० | |
| | अन्यको लागि | ५०० | |
| ३९ | अवादी जग्गामा भएको रुख काट्नको लागि सिफारिस | प्रति रुख २०० | सम्वन्धित निकायबाट इजाजत अनुमती भएमा |
| ४० | संकलन तथा गोदाम शुल्क | १००० | |
| ४१ | श्रम स्वीकृत दस्तुर | संघीय सरकारले तोके बमोजिम | |
| ४२ | हात हतियार ईजाजतपत्र नविकरण | संघीय सरकारको नियमानुसार | |
| ४३ | कर, दस्तुर, महशुल आदि बुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा अर्को प्रतिलिपी | ५० | |
| ४४ | कार्यक्रम संचालन अनुमती सिफारिस | | |
| | स्थानीय क्लव तथा समुह लाई | ५०० | |
| | स्थानीय बाहेक अन्य संघ संस्था | १५०० | |
| ४५ | मूल दर्ता सिफारिस खानेपानी | ५०० | |
| ४६ | मूल दर्ता सिफारिस सिंचाई | १००० | |
| ४७ | अन्य मुलदर्ता सिफारिस गर्दा कार्यपालिकाको निर्णय गराई | १०००० | |
| ४८ | उपभोक्ता समिति दर्ता प्रमाणपत्र (खानेपानी,सिचांई मूलको उपभोग प्रयोजनका लागि) | १००० | |
| ४८ | मौजुदा सूची सुचिकरण दस्तुर | १५० | यस गाउँपालिकामा दर्ता तथा नविकरण भएका परामर्श सेवा फर्म सप्लायर्स कम्पनी सघ सस्थालाइ सुचिकृत दस्तर लाग्ने छैन । |
| ४९ | भवन निर्माण दस्तुर प्रति वर्ग फिट | २ | |

| | | | |
|---|---|---|---|
| ५० | खानी दर्ता सिफारिस | **कार्यपालिकाको निर्णय अनुसार अधिकतम ५००० सम्म** | |
| ५१ | वन दर्ता सिफारिस | १००० | आफ्नो नाममा दर्ता भएको जग्गामा वन बनाउन चाहनेलाइ कुनै शुल्क लाग्ने छैन । |
| ५२ | घर निर्माण नक्सा पास दस्तुरः प्रति बर्गफिटको | क. निवेदन फाराम रु १०० लिने<br>ख. ढलान गरी निर्माण गरिने घरको रु १,माटोको जडान गरि घर निर्माण गरिने घरको रु ०।५ प्रति वर्ग फिट<br>ग. नक्सा नामसारी तथा नविकरण प्रत्येक पटकको रु ५००।००<br>घ. साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु १००।००<br>ङ. नक्सा पास सम्बन्धी नक्सा पास प्रमाणपत्रको रु २०० पास भएको नक्साको रु ३०० दस्तुर लिई प्रतिलिपी दिने। | |
| **५३** | **घुम्ती व्यापारी बाट लिइने दस्तुर** | | |
| | एक हप्ता सम्मको लागि | रु १०० | |
| | एक महिना सम्को लागि | रु २५० | |
| | एक महिना भन्दा वढी ब्यापार गर्नेलाइर | रु ५०० | |
| | घुम्ती ब्यापारी हरुले वडा तथा गाउँपालिकाबाट अनिवार्य रुपमा ब्यापार ब्यवसाय गर्न अनुमती लिइ ब्यवसाय सचालन गर्नु पर्ने छ । | | |
| **५४** | **प्रयोगशाला शुल्क ल्याव परिक्षण शुल्क प्रति १ परिक्षण** | **शुल्क रु** | |
| **क** | **ल्याव सेवा शुल्क** | | |
| | TC,DC,HB,ESE,BT,CT,HV,ESR | ५० | |
| | Stool R/E,ME, Urine R/E, ME | ५० | |
| | Widel Test/ VDRL | १०० | |
| | VDRL | ८० | |
| | Blood Sugar | ५० | |
| | Serum Bilirubin | १०० | |
| | HBSAG | १२० | |
| | HIV Test/ MP/ स्कपटाईफस | निःशुल्क | |
| | UREA/creatinine | १०० | |
| | Blood Grouping | ५० | |
| | युरिकएसिड | १०० | |
| | CRP Test | २०० | |

| | | | |
|---|---|---|---|
| | PG test | ५० | |
| | BT/CT | १०० | |
| | ASO | १०० | |
| | HCV | २४० | |
| | RA Factor | १०० | |
| | SERUM Albunin | १०० | |
| **ख** | **पशु सेवा शुल्क** | | |
| १ | **पशु पक्षी उपचार सेवा शुल्क प्रति १ जनावर** | | |
| | बाख्रा प्रजातीको जनावर | १० | |
| | गाई गोरु | २५ | |
| | भैसि प्रजाती | ३० | |
| | घोडा खच्चर | ५० | |
| | कुकुर | ५० | सामुदायिक कुकुरको निसुल्क |
| | कुखुरा चराचुरंगी प्रजाती | ५ | |
| | बंगुर | २० | |
| २ | **प्रयोगशाला सेवा शुल्क** | | |
| | गोबर पिसाव परीक्षण | १० | |
| | थुनिलो | १० | |
| | रगत परीक्षण | २५ | |
| | पन्छि पोष्ट मार्टम | १० | |
| | गाइ भैसी पोष्ट मार्टम | १०० | |
| | कुकुर विरालो  पोष्ट मार्टम | १०० | |
| | भेडा बाख्रा पोष्ट मार्टम | ५० | |
| | बगुर पोष्ट मार्टम | २०० | |
| ३ | **कृतिम गर्भाधान  सेवा** | | |
| | चौपाया कृतिम गर्भाधान शुल्क कार्यालयमा | ५० | |
| | चौपाया कृतिम गर्भाधान शुल्क फिल्ड | ३०० | |
| ४ | **पशु बन्ध्याकरण सेवा** | | |
| | बोका कार्यालयमा | २५ | |
| | बोका फिल्डमा | २०० | |
| | कुकुर | १०० | |
| | बहर रागा बन्धाकरण | २०० | |
| | बहर रागा बन्धाकरण फिल्डमा | ५०० | |
| | | | |
| ५ | पशुपक्षी निकासी वा पैठारी दस्तुर | | |
| | संरक्षण सूचीमा परेको गङ्गी भैसी बाहेका अन्य भैसीको निकासीमा प्रति भैसी | १०० | |
| | बाख्रा प्रजातीको पशु चौपाया प्रति चौपाया | ३० | |

| | | | |
|---|---|---|---|
| | कुखुरा पक्षी प्रजातीको | १ | |
| ग | **आयुर्वेद सेवा शुल्क** | | |
| | पचकर्म सेवा स्नेहन स्वेदन शिरोधारा घुम्न र मर्दन | १०० | |

| ५५ | उद्योग तथा ब्यवसायको प्रकार | विवरण | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| **१ उत्पादनमूलकउद्योग** | | | | | |
| १ | ग्रील उद्योग | | १०००।०० | ५००।०० | |
| २ | जुत्ता उद्योग | | ५००।०० | ३००।०० | |
| ३ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती, टीकी,अचार तथा अन्य ) | | ३००।०० | २००।०० | |
| ४ | कपडा तथा गार्मेन्ट उद्योग | | २०००।०० | १०००।०० | |
| ५ | प्रशोधन केन्द्र | | २०००।०० | १०००।०० | |
| ६ | कोल्ड स्टोर | | १०००।०० | ५००।०० | |
| ७ | सिरक डसना उद्योग | | ७००।०० | ४००।०० | |
| ८ | कुटानी पिसानी मिल|घट्ट | | १०००।०० | ५००।०० | |
| ९ | मसला उद्योग | | ५००।०० | ३००।०० | |
| १० | डेरी उद्योग/ व्यवसाय | | ३००।०० | २००।०० | |
| ११ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००।०० | ५००।०० | |
| | | दालमोट पाउरोटी चाउमीन | १०००।०० | ५००।०० | |
| | | पापड चिप्स फिगर | १०००।०० | ५००।०० | |
| १२ | वनजन्य उद्योग | स:मिल प्लाईउड उद्योग | ५०००।०० | २५००।०० | |
| | | काठ बिक्री डिपो | ३०००।०० | १५००।०० | |
| १३ | क्रसर/कन्क्रीट/ईट भट्टा उद्योग | | ५०००।०० | २५००।०० | |
| १४ | ढाका टोपी पस्मिनाउद्योग | | १०००।०० | ५००।०० | |
| १५ | सुर्तिजन्य उद्योग | | ५०००।०० | २५००।०० | |
| १६ | होटल लज रेष्टुरेन्ट | होटल र लज | १०००।०० | ५००।०० | |
| | | भोजनालय | ५००।०० | ३००।०० | |
| | | मिठाई पसल | ५००।०० | ३००।०० | |
| | | पार्टी प्यालेस | २५००।०० | १३००।०० | |
| | | रेष्टुरेन्ट बार | २०००।०० | १०००।०० | |
| | | चिया र खाजा पसल | २५०।०० | १००।०० | |
| | | खाना, खाजा नास्ता पसल | ५००।०० | ३००।०० | |
| **२ सेवाउद्योगसम्बन्धीः** | | | | | |
| १ | सञ्चार | एफ.एम.प्रसारण | २०००।०० | १०००।०० | |
| | | केवुल च्यानल प्रसारण | २०००।०० | १०००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पत्रपत्रिका प्रकाशन सेवा | ५००।०० | ३००।०० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५००।०० | ३००।०० | |
| | | कुरियर सेवा | ५००।०० | ३००।०० | |
| | | कलर ल्याब/ फोटो स्टुडियो | ७००।०० | ३००।०० | |
| २ | वित्तीय | वाणिज्य वैंक विकास वैंक प्रति शाखा / केन्द्रिय कार्यालय | ८०००।०० | | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | २५००।०० | | |
| | | वित्तीय / ऋण सहकारी संस्था | १०००।०० | | |
| | | मनीट्रान्सफर | १५००।०० | | |
| | | विमाकम्पनी | २०००।०० | | |
| | | लघुवित्त | ५०००।०० | | |
| ३ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्गहोम | ५०००।०० | २५००।०० | |
| | | क्लिनिक तथा ल्याब | २०००।०० | १०००।०० | |
| | | चस्मा पसल | १०००।०० | ५००।०० | |
| ४ | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० | १०००।०० | |
| | | मा.वि. | १५००।०० | ८००।०० | |
| | | आधारभूत | १०००।०० | ५००।०० | |
| | | छात्रावास | १०००।०० | ५००।०० | |
| | | मन्टेश्वरी | ५००।०० | ३००।०० | |
| | | पूर्व प्राथमिक | ५००।०० | ३००।०० | |
| | | ट्युशन सेन्टर | १०००।०० | ५००।०० | |
| | | कम्प्युटर/नृत्यकला सिकाइकेन्द्र | १०००।०० | ५००।०० | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १०००।०० | ५००।०० | |
| ५ | मर्मत सम्भार | टायर ट्युव मर्मत, रिसोलिङ्ग , हावा भर्ने | ५००।०० | ३००।०० | |
| | | इन्जिन मर्मत | १०००।०० | ५००।०० | |
| | | डेन्टिङ्गपेन्टिङ्ग | ५००।०० | ३००।०० | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, | ५००।०० | ३००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कम्प्युटर, मोबाइल इलेक्ट्रोनिक) | | | |
| | | मोटरसाइकल मर्मत | ५००।०० | ३००।०० | |
| | | बस,ट्याक्सी सवारी साधन मर्मत | १०००।०० | ५००।०० | |
| | | अन्य विविध मर्मत | ५००।०० | ३००।०० | |
| ६ | ड्राइक्लिन, व्युटी पार्लर तथा सैलुन | | ५००।०० | ३००।०० | |
| ७ | फूल विरुवा फर्म | | निशुल्क | ३००।०० | |
| ८ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।०० | | |
| | | स्थानीय | १०००।०० | | |
| ९ | निर्माण व्यवसाय नयाँ दर्ता | | ३००००।०० | | |
| १० | निमार्ण व्यवसाय इजाजत पत्र नविकरण | असोज मसान्त भित्र | ३५००।०० | सो पछि १००० जरिवाना लिइ ऐन नियमावलीले तोकेको अवधि भित्र नविकरण गरिने छ | |
| ११ | निमार्ण व्यवसाय इजाजत पत्र प्रतिलिपि | | १५००।०० | | |
| १२ | निमार्ण व्यवसाय इजाजत पत्र नामसारी | | ५०००।०० | | |
| १३ | समुह दर्ता तथा नविकरण | आमा समुह | ४००।०० | नविकरण दस्तुर२०० | |
| | | कृषि तथा पशुपालन समुह | ५००।०० | नविकरण दस्तुर३०० | |

दर्ता शुल्क सम्बन्धीः

| क्रसं | दर्ता विवरण | अवधी | दस्तुरदररु | कैफियत |
|---|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता शुल्क नयाँ तथा प्रतिलिपि | व्यक्तिगत घटना दर्ता ऐन नियमावलीमा भएको व्यवस्था बमोजिम हुने छ | | |
| २ | अन्य व्यवसाय दर्ता शुल्क | १ लाखसम्मको पूँजी भएको | ३०० | |
| | | १ लाखदेखि ५ लाखसम्मको पूँजीभएको | ५०० | |
| | | ५ लाखदेखि १०लाखसम्मको पूँजीभएको | १००० | |
| | | १० लाखदेखि२५लाखसम्मको | १२५० | |
| | | २५ लाखदेखि माथि | १५०० | |
| ३ | लैंगिक तथा घरेलु हिंसा सम्बन्धी उजुरी तथा मुद्दा दर्ता शुल्क दस्तुर | | निशुल्क | |
| ४ | अन्य उजुरी तथा मुद्दा दर्ता दस्तुर | | ५०० | |
| ५ | अन्य व्यवसाय नविकरण र नामसारी सिफारिस | १ लाखसम्मको | २०० | |
| | | १ लाखदेखि ५ लाखसम्मको | ३०० | |
| | | ५ लाखदेखि १० लाखसम्मको | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | १० लाखदेखि २५ लाखसम्मको | ७५० | |
| | | २५ लाखदेखि माथि | १००० | |

## अनुसूची — ८
## पर्यटनशुल्क

| क्रसं | विवरण | लाग्नेशुल्क | कैफियत |
|---|---|---|---|
| १ | स्वदेशी पर्यटकको लागि प्रवेश शुल्क | निशुल्क | |
| २ | विदेशी पर्यटकको लागि प्रवेश शुल्क | १००।०० | |

## अनुसूची — ९
## प्राकृतिक श्रोत कर: (स्थानीय प्राकृतिक श्रोत तथा प्रयोग)

| क्रसं | प्राकृतिक श्रोतको विवरण | एकाई | दस्तुर दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक वनको वन पैदावार विक्रि वितरण | गाउँपालिका अन्तरगतका सामुदायिक वनहरुबाट बिक्री भएको काठ, दाउराबाट प्राप्त राजस्व रकम को १० प्रतिशत | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख बमोजिम कायम हुने। |
| २ | अवादी तथा निजि वनको वन पैदावार विक्रि वितरण | | | |
| | ओखर जस्ता काठ | प्रति किलो | १० | |
| | खयर | प्रति के.जी. | १५ | |
| | अन्य जातको काठमा | प्रति के.जी. | ५ | |
| | टुनी | प्रति घन फिट | १० | |
| | साल | प्रति घन फिट | २० | |
| | सल्ला | प्रति घन फिट | १० | |
| | साल र सल्ला बाहेक अन्य वन पैदावार | प्रति घन फिट | ५ | |
| ३ | स्लेट संकलन तथा विक्रि | प्रति घन मिटर | प्रदेश कानुन बमोजिम हुने | |
| ४ | ढुंगा गिट्टि रोडा ग्रेभल बालुवा संकलन तथा विक्रि | प्रति घन मिटर | | |
| ५ | निजि जग्गाको माटो विक्रि | प्रति घन फिट | प्रदेश कानुन बमोजिम हुने | वार्षिक कति माटो निकाल्नु पर्ने हो स्थानीय तहबाट निर्णय गरि एकमुष्ट शुल्क लिने । |
| ढुंगा गिट्टि रोडा ग्रेभल स्लेट बालुवा दहत्तर बहत्तर नियमन सम्वन्धी कर प्रदेश कानुनमा तोकिए बमोजिम हुनेछ। यस ऐनमा उल्लेख नभएका विषयहरुमा लाग्ने कर, सेवा सुल्क तथा दस्तुर संघीय र प्रदेश कानुनमा उल्लेख भएमा सोही अनुसार र सो मा समेत उल्लेख नभएका विषयहरुमा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ। | | | | |

**आज्ञाले**

**जितेन्द्र प्रसाद ओझा**

**प्रमुख प्रशासकीय अधिकृत**

**भागेश्वर गाउँपालिका**